# स्थानीय राजपत्र
## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड (२) तिनाउ गाउँपालिका दोभान, पाल्पा असार २७ गते २०७५ साल**

## तिनाउ गाउँपालिका
**भाग २**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१)
बमोजिम तिनाउ गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए
बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि
प्रकाशन गरिएको छ ।

**संबत २०७५ साल बनेको निर्देशिका नं.४**

**मर्मत संभार कोष संचालन निर्देशिका, २०७५**

१००

## प्रस्तावना :

सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि भौतिक पुर्वाधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ भौतिक पुर्वाधारलाई मर्मत, संहार र दिगो गर्नको लागि मर्मत सम्भार कोष स्थापना गर्नु पर्ने आवश्यक भएको हुँदा स्थानिय सरकार संचालन ऐन, २०७४ प्रयोग गरी यो मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ तयार गरिएको हो ।

## परिच्छेद- १
## संक्षिप्त नाम र प्रारम्भ

१.१ यो निर्देशिकाको नाम मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ रहने छ ।

१.२ यो निर्देशिका गाउँपालिकाको सभाले पारित गरे पछि लागू हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "निर्देशिका" भन्नाले मर्मत सम्भार कोष संचालन निर्देशिका २०७५ सम्झनुपर्छ ।

(ख) "गाँउपालिका" भन्नाले तिनाउ गाउँपालिका सम्झनुपर्छ ।

(ग) "सचिव" भन्नाले गाउँपालिका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "स्थानिय निकाय" भन्नाले गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले गाऊँ टोल आदि क्षेत्रमा सञ्चालन हुने आयोजनावाट प्रत्यक्ष सेवा पुग्ने समूहवाट उक्त योजना संचालन गर्न वनेको समितिलाई सम्झनुपर्छ ।

(च) "भुक्तानी रकम" भन्नाले निर्माण भएको भौतिक पुर्वाधारको भुक्तानी हुँदा गाउँपालिका अनुदान, नेपाल सरकारको अनुदान, कुनै अन्य संस्थाको तथा अनुदान उपभोक्ताको लागत सहभागिता समेतको रकमलाई जनाउंछ

## परिच्छेद- ३
## व्यवस्थापन समिती

३.१ व्यवस्थापन समितिको गठन :

क) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय वमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहनेछ :

| | | |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २) | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३) | गाउँपालिका अध्यक्षले तोकेको वडा अध्यक्ष मध्येबाट एक जना | सदस्य |
| ४) | गाउँपालिका अध्यक्षले तोकेको गाउँ कार्यपालिका मध्ये सदस्य एक जना | सदस्य |
| ५. | लेखा प्रमुख | सदस्य |
| ६. | प्राविधिक शाखा प्रमुख | सदस्य सचिव |

ख) समितिको वैठक कम्तिमा ४ महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि बस्नेछ ।

ग) बैठक बसेको बखत बैठक भत्ता स्थानीय तह. आ. प्र. सम्बन्धी नियमावली अनुसार हुनेछ ।

घ) वैठकमा आवश्यकत अनुसारका व्यक्ति तथा विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिने छ

३.२ व्यवस्थापन समितीको कामकर्तव्य र अधिकार -:

क) व्यवस्थापन समितिको निम्नानुसार काम कर्तव्य र अधिकार हुनेछ ।

१) गा.पा.मा रहेका सडकहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम वनाउने ।

२) मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने ।

३) भौतिक पुर्वाधार मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत्सम्वन्धी कार्य योजना वनाउने ।

४) भौतिक पुर्वाधार मर्मत सम्भार सम्वन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने

## परिच्छेद- ४
## कोष स्थापना

४. मर्मत सम्भार कोषको नामले एउटा छुटै कोष स्थापना गरिनेछ जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

१) नेपाल सरकारवाट मर्मत संभार कोषको भनी लागि तोकी दिएको रकम ।

२) स्थानीय निकायवाट मर्मत संभारको लागि प्राप्त रकम ।

३) स्थानीय गैरसरकारी संघ संस्थावाट मर्मत संभारको प्राप्त लागि रकम ।

४) अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थावाट मर्मत संभारको प्राप्त लागि रकम ।

५) गाउँपालिकाबाट संचालन भएको रु ५,००,०००। भन्दा माथिका सडक निर्माण कार्यक्रमको भुक्तानी हुँदा भुक्तानी रकमको २ प्रतिशतले हुने रकम ।

६) अन्य निकायहरुबाट मर्मत संम्भार कोषमा जम्मा हुने गरी तोकीदिएको रकम

४.१ कोष सञ्चालन :

क) कोषको नाममा प्राप्त हुन आएको रकम तिनाउ गाउँपालिका कार्यालयको मर्मत सम्भार कोष नामको खाता खोली जम्मा गरिने छ ।

ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको प्रमुखको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

ग) कोषको आन्तरिक लेखा परिक्षणग गाउँपालिकाको आन्तरिक लेखा

परिक्षण शाखाबाट हुनेछ

घ) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षबाट हुनेछ ।

## परिच्छेद- ५
## कोषको खर्च प्रणाली

५) कोषबाट हुने खर्च :

मर्मत सम्भार कोषमा जम्मा हुन आएको रकम देहाय बमोजिमको मर्मत सम्भार कार्यमा खर्च गरिने छ ।

१. भौतिक पुर्वाधारहरु नियमित मर्मत सम्भार ।
२. भौतिक पुर्वाधारहरु पटके मर्मत सम्भार ।
३. भौतिक पुर्वाधारहरु आवधिक मर्मत सम्भार ।
४. आकस्मिक मर्मत सम्भार

## परिच्छेद - ६

६. मर्मत सम्भार कार्य गराउने व्यवस्था :

मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिसमा गाँउपालिका भित्र रहेका भौतिक पुर्वाधार नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्ताबाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

उपभोक्ता समितिबाट कार्य गराउदा गाउँपालिकाबाट स्वीकृत उपभोक्ता समिति निर्देशिका अनुसार गरिने छ भौतिक पुर्वाधारको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार कार्यालय आफैले पनि स्थानीय तह आ.प्र.सम्वन्धी नियमावली बमोजिम गर्न सक्ने छ ।

## परिच्छेद - ७
## विविध

७.१ मर्मत सम्भार कोष संचालनर्दिशिका संशोधनवाखारेज गर्नु परेमा गाउँकार्यपालिकाबाट संशोधनगर्न सकिने छ ।

७.२ यो निर्देशिकामा उल्लेख भएको कुराहरुको हकमा यसै निर्देशिका अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियमअनुसार हुने छ ।

७.३ यस निर्देशिकामा लेखिएका कुराहरु प्रचलित स्थानीय सका संचालन संबन्धिसंग ऐन बाझिएको हदसम्म स्वत:निष्कृय हुनेछन् ।

प्रमाणीकरण मितिः २०७५/०३/२७

आज्ञाले<br>(ज्ञानु प्रसाद पनेरु)<br>प्रमुख प्रशासकीय अधिकृत